बैठक संख्या: ५

मिति: २०७९ भाद्र १ गते
समय: विहान ७.०० वजे

नगर कार्यपालिकाका **अध्यक्ष/नगरप्रमुख** श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २. | श्री कृष्णकुमारी निरौला | नगर उपप्रमुख | |
| ३. | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४. | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं. २ | |
| ५. | श्री डम्वरवहादुर राइ | वडाध्यक्ष वडा नं.३ | |
| ६. | श्री राम कुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७. | श्री भुमवहादुर सुर्यमगर | वडाध्यक्ष वडा नं.५ | |
| ८. | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९. | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राइ | कार्यपालिका सदस्य | |
| १३ | श्री चम्पा थापामगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १५ | श्री पुरणमाया राइ | कार्यपालिका सदस्य | पुरनमाया |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | [illegible] |
| १७ | श्री ओमप्रकाश विश्वकर्मा | कार्यपालिका सदस्य | [illegible] |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | [illegible] |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | [illegible] |
| २० | श्री पुरुषोत्तम घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | [illegible] |

अन्य उपस्थिति

उपसचिव श्री कृष्णराज राइ

योजना अधिकृत श्री भुपेन्द्र खनाल

इञ्जिनियर श्री भानु अनु राई

जनस्वास्थ्य निरीक्षक श्री केशव रिजाल

रवि दुबेदी सहायकस्तर चौथो

स्वकिय सचीव श्री परहलाद लिम्बु (?)

2069/07/09

| सि.नं. | छलफलको विषय | निर्णय |
| --- | --- | --- |
| १ | अघिल्ला बैठकहरुको निर्णय समिक्षा | कार्यपालिकाका अघिल्ला बैठकहरुका निर्णय कार्यान्वयन समिक्षा गरियो । सबै निर्णयहरु सहज कार्यान्वयन भएका छन । |
| २ | बिपद व्यवस्थापन र नदी नियन्त्रण अन्तर्गत भएका कामहरुको भुक्तानी । | यो आर्थिक बर्षको शुरुवातसंगै नगरका विभिन्न भागहरुमा रहेका खोला/खहरेबाट उत्पन्न हुने कटान नियन्त्रणका लागी भएका नियन्त्रणमुखी कामहरु र वर्षादका कारण भूस्खलन भइ अवरुद्ध भएका नगरभित्रका बाटोको अवरोध खुलाउने गरी भएका देहायका कामहरुको भुक्तानी विपद व्यवस्थापन कोषबाट हुनेगरी तत्काललाई कोषमा चालुखर्चका शीर्षकहरुबाट रु ५० लाख रकमान्तर गर्ने ।<br>हालसम्म भएका कामहरुमा निम्न कामहरुको भुक्तानी <u>नदी नियन्त्रण शीर्षकबाट</u> गर्ने -<br>१. वडा नं.३ बेलडाँगीमा तटवन्धन रु.२०४०००/-<br>२. वडा नं.६ लक्ष्मीथान तटवन्धन रु.२३८०००/-<br>३. वडा नं.१ वगुवा नदी नियन्त्रण रु.१०००००/-<br>४.फेदी तटवन्धन रु.६०००००/-<br>५.लामिटार तटवन्धन रु. २५००००/-<br>६.लोहन्द्राखोला तटवन्धन रु.२२४०००/-<br>७.लामिटार झोलुङ्गेपुल मुनि तटवन्धन रु.२१७०००/-<br>८.लोखरा तटवन्धन रु.१८६१०२/-<br>निम्न कामको भुक्तानी <u>मर्मत सम्भार शीर्षकबाट</u> गर्ने:-<br>१. वडा नं.७ को भूभागमा पर्ने मुख्य सडक तथा शाखा सडकहरुमा भएको अवरोध खुलाउने काम रु.९९६४१२/-<br>२.वडानं.३ बिपत सम्बन्धी बिभिन्न काम रु.३००,०००/-<br>३. राजारानी अँधेरी सडक मर्मत रु.५५००००/-<br>विभिन्न पैनी मुहानहरु मर्मत सम्भारमा भएको देहाय वमोजिमको खर्च <u>विपद व्यवस्थापन शीर्षकबाट</u> भुक्तानी गर्ने:-<br>१. मोरङ्गी पैनी मुहान मर्मत रु.११६०००/-<br>२. तेलीखोला विभिन्न पैनि मुहान मर्मत रु.५८५०००/-<br>३. लाख पैनी मुहान मर्मत रु.५५०००/- |

| | | |
|---|---|---|
| | | ४. कोलबोटे कुलो मर्मत रु.८१०००/-<br>५. चिसाङखोला पाइलट च्यानल बनाउँदा खर्च भएको डिजल ४०७ लिटरको रु.७३२६०/- |
| | कार्यविधि/नियमावलीहरु जारी गर्ने । | नगरपालिकाको कामलाइ थप व्यवस्थित र पारदर्शी बनाउन तथा सम्पादन गरिने कामहरुको वैधानिकता कायम गर्न कार्यविधि तथा नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक भएको छ । यसर्थ निम्न वमोजिमका कार्यविधि तथा नियमावली स्वीकृत गरिएको छ ।स्वीकृत भएका कार्यविधि/नियमावली स्थानीय राजपत्रमा प्रकाशित गर्ने ।<br>१. बाबुआमा विहीन वालवालिकाको लागी निःशुल्क शिक्षा व्यवस्था गर्न बनेको कार्यविधि २०७९ .<br>२. वालिका शिक्षा वचत सम्बन्धी कार्यविधि २०७९<br>३. शव वाहन सञ्चालन सम्बन्धी कार्यविधि २०७९<br>४. विपद व्यवस्थापन कोष सञ्चालन नियमावली २०७९<br>५. स्वास्थ्य वीमा संयोजन समिति गठन/सञ्चालन कार्यविधि २०७९ |
| ४. | कृषि स्नातक **प्राविधिक**/पशुसेवा प्राविधक/नगर प्रहरीको सेवा करारका लागी सूचना प्रकाशित गर्ने । | नगरपालिकाभित्रका सार्वजनिक सम्पत्तिको सुरक्षा नगर कार्यपालिकाबाट भएका निर्णय कार्यान्वयन र नगरपालिकाको सम्पत्ति संरक्षणका लागि तत्काल १ कमाण्डर र ४ सहयोगी भएको १/४ दरवन्दी संरचनामा रहने गरी नगर प्रहरीको सेवा करारका लागि २१ दिनको सूचना प्रकाशन गर्ने । यस भन्दा अघि सूचना प्रकाशन भै फाराम भरेकाहरुले पहिले नै राजस्व बुझाइ सकेको हुँदा राजस्व नलिइ पुनः फाराम भरेमा मात्र छनोटमा संलग्न गराउने ।तत् सम्बन्धमा देहाय बमोजिम गर्ने गराउनेः-<br>नगर प्रहरी<br>(क) कमाण्डरको हकमा १८ बर्ष पूरा भइ ४० ननाघेको र जवानको हकमा १८ पूरा भइ २५ ननाघेको नेपाली नागरिक हुनुपर्नेछ.<br>(ख) महिला संख्या २ र पुरुष संख्या ३(कमाण्डर १ समेत) ।<br>(ग) नेपाल प्रहरीको तालिम केन्द्र/सशस्त्र प्रहरी बल |

| | | |
|---|---|---|
| | | वा नेपाली सेना संगको समन्वयमा ३५ कार्यदिन तालिमको व्यवस्था गर्ने ।<br>(घ) छनौटको मापदण्ड कार्यविधिले निर्धारण गरे अनुरुप हुनेछ ।<br>(ङ) कार्यविधिको दफा ९ अनुसारको पदपूर्ति समितिले विज्ञको रुपमा नेपाल प्रहरीको इलाका प्रहरी कार्यालय लेटाङको प्रमुखलाइ विज्ञ सदस्यको रुपमा आमन्त्रित गर्ने ।<br>(च) छनौटका लागि शारीरिक तन्दुरुस्ती परीक्षण लिखित तथा अन्तर्वार्ता विधि अवलम्वन गर्ने ।<br>(छ) वाञ्छित योग्यतामा हलुका सवारी चालकको प्रमाणपत्र प्राप्त भएको हुनुपर्नेछ ।<br>२. कृषि स्नातक प्राविधिक/पशु सेवा प्राविधिक<br>कृषि स्नातक प्राविधिकको लागी संघीय सशर्त अनुदान अन्तरगत वजेट र कार्यविधि प्राप्त भएको छ । कार्यालयमा कार्यरत पशु सेवा प्राविधिकमा चौथो र पाँचौ तहको पद रिक्त रहेको हुँदा कार्यविधिले निर्धारण गरे अनुसार पूर्तिका लागी सूचना प्रकाहन गर्ने ।<br>३. स्थायी रुपमा पूर्ति गर्ने पदहरुको माँग आकृति फाराम भरी मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय मार्फत प्रदेश लोकसेवा आयोगमा माँग गर्ने । |
| ५ | स्थानीय दररेटको स्वीकृति । | सार्वजनिक खरीद ऐन २०६३ अनुसार जिल्ला प्रशासन कार्यालय मोरङबाट जिल्ला दररेट निर्धारण भै आएको सन्दर्भमा यस नगरपालिकाको स्थानीय भूगोल अनुसारको स्थानीय दररेट स्वीकृत गर्नुपर्नेछ । वडा नं.१ ७ र ८ को केही भूभागमा निर्माण सामाग्री लगायत अन्य सामाग्री ढुवानी गर्दा बाटोको गुणस्तरका कारण ढुवानी खर्च बढ्न गइ महंगो पर्न जाने र विकास निर्माण कार्यमा यसले प्रत्यक्ष प्रभाव पार्ने भएको हुँदा ढुवानीको अवस्था बाटोको अवस्था र भौगोलिक कठिनाइको आधारमा जिल्ला दररेटलाइ आधार मानी ढुवानी खर्च समावेश गरी तयार गरिएको स्थानीय दररेटलाइ स्वीकृत गरियो । |
| ६ | खरीद/कार्य योजना स्वीकृत । | आर्थिक बर्ष २०७९/०८० मा कार्यान्वयन गरिने |

| | | |
|---|---|---|
| | | योजना तथा कार्यक्रमहरु कार्यान्वयन सम्बन्धमा तयार गरिएको खरीद योजना स्वीकृत गरियो । |
| ७ | रोजगार सहायकको पदपूर्तिमा अन्तर्वार्ता र विज्ञ सदस्यको छनोट । | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत रोजगार सहायकको पदपूर्तिका लागि माँग गरिएको सूचना अनुसार ३१ जनाको दरखास्त पर्न आएको छ । सो पदपूर्तिको कार्यविधि अनुसार बढिमा १० जनाको प्रारम्भिक सूची प्रकाशन गरी पाठ्यक्रम बमोजिम लिखित परीक्षा लिनु पर्ने र सोही आधारमा नतिजा प्रकाशन गर्नुपर्नेछ । लिखित परीक्षाबाट मात्र व्यक्तिको Attitude परीक्षण नहुने भएकोले अन्तर्वार्ता समेत लिइ परीक्षाफल प्रकाशन गर्ने ।यस कार्यका लागि विज्ञको रुपमा श्री अर्जुन बराल (प्राध्यापक डिग्री क्याम्पस विराटनगर)लाइ मनोनयन गरिएको छ । |
| ८ | १५ शैय्याको अस्पतालको लागि दरवन्दी निर्धारण । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उपलव्ध गराएको १५ शैय्याको आधारभूत अस्पतालको प्रस्तावित संगठन संरचनालाइ लेटाङ अस्पतालको लागी स्वीकृत गरियो । यसको विवरण अनुसूचीमा समावेश गरिएको छ । |
| ९ | आवधिक योजनाको तयारी । | नगरपालिकाको आगामी ५ वर्षका लागी आवश्यक योजना मार्गदर्शनको रुपमा रहने आवधिक योजनाको तयारी तत्काल शुरु गर्ने । योजनाका लागी आवश्यक तथ्याङ्कका लागी स्वयंसेवकहरु छनौट गर्ने र तथ्याङ्क संकलन गर्ने । |
| १० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रममा माँग गरिने विद्यालयहरुको प्राथमिकीकरण । | यस नगरपालिका अन्तरगतका विद्यालयहरुबाट राष्ट्रपति शैक्षिक सुधार अन्तरगत पेश हुन आएका विद्यालय भवन आइसिटि र प्राविधिक धारको कार्यक्रमहरुलाइ संलग्न सूची अनुसार प्राथमिकीकरण गरी पठाउने । |
| ११ | विपन्न नागरिक औषधी उपचार सिफारिस समिति गठन । | लक्षित समूहमा परेका औषधी उपचार गर्न नसक्ने व्यक्तिहरुलाइ औषधी उपचारको लागि गरीव घर परिवार परिचयपत्र वितरण भै नसकेको हकमा स्थानीय तहबाट सिफारिस समिति गठन गर्नुपर्ने भएकोले देहाय बमोजिम समिति गठन गर्नेः-<br>उपप्रमुख श्री कृष्णकुमारी निरौला -संयोजक<br>सम्बन्धित वडाका वडाध्यक्ष - सदस्य |

| | | |
|---|---|---|
| | | स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव<br>यस कार्यालयबाट भुक्तानी गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाबाट शोधभर्ना माँग गर्नुपर्ने भएकोले चालु खर्चका शीर्षकबाट स्वास्थ्य सेवा सहयोग शीर्षक कायम गरी रु.१५ लाख विनियोजन गर्ने । |
| १२ | स्थानीय पाठ्यक्रम र सामाग्री विकास गर्न कार्यदल गठन गरी कार्यविवरण तोक्ने | लेटाङ नगरपालिकाको स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री विकास गर्न देहाय अनुसार कार्यदल गठन गरी कार्यविवरण उपलब्ध गराउने:<br>प्रमुख सल्लाहकार नगरप्रमुख श्री भूपेन्द्रकुमार लावती<br>सल्लाहकार उपप्रमुख श्री कृष्णकुमारी निरौला<br>सल्लाहकार प्र.प्र.अ. श्री पुरुषोत्तम घिमिरे<br>उपसचिव श्री कृष्णराज राइ संयोजक<br>अधिकृतस्तर छैटौं श्री सञ्जिता खनाल सदस्य<br>प्रा.स. श्री अनिल मिश्र सदस्य<br>संलग्न विवरण अनुसारको कार्यविवरण उपलब्ध गराइनेछ । |
| १३ | नमूना वालकेन्द्रको स.का.छनौटको छानवीन समिति गठन । | नमूना वाल विकास केन्द्रमा स.का. नियुक्त सम्बन्धमा भएको काम कारवाही छानवीन गरी ७ दिनभित्रमा सत्यतथ्य प्रतिवेदन पेश गर्न सामाजिक विकास समितिको संयोजकत्वमा कार्यपालिका सदस्य श्री शोभा खड्का र अधिकृतस्तर छैटौ श्री सञ्जिता खनाल सदस्य रहने गरी कार्यदल गठन गर्ने । |
| १४ | सहायता कक्षको स्थापना । | नगर कार्यपालिकाको कार्यालयभित्र आउने सेवाग्राहीहरुका लागि सहज सेवा प्रवाह गर्ने प्रयोजनका लागी सहायताकक्षको स्थापना गर्नुपर्ने भएकोले एकजना दक्ष कर्मचारीको व्यवस्थापन गर्ने । सहायताकक्षमा एउटा कम्प्युटर/फोटोकपीको व्यवस्था गर्ने । सहायता कक्ष स्थापनाका लागि उपयुक्त स्थानको खोजी गर्ने । |
| १५ | नगरभित्रका सहकारी/सरकारी तथा गैरसरकारी संस्थाहरुको सूचीकरण । | नगरपालिका क्षेत्र भित्ररहेका सहकारी संघसंस्था गैरसरकारी संघसंस्थाहरुलाइ दर्ता प्रमाणपत्र विधान/विनियम आ.व.०७७/०७८ को लेखापरीक्षणको प्रतिवेदन सञ्चालक पदाधिकारीहरुको नामनामेसी र सम्पर्क नम्बर र संस्था/सहकारीको नाममा भएको चल अचल सम्पत्तिको विवरण समेत संलग्न गरी सूचीकरण |

| | | |
|---|---|---|
| | | गर्न आउन १५ दिनको समयसीमा तोकी सूचना प्रकाशन गर्ने । |
| १६ | दोहोरो जिम्मेवारीमा रहन नपाउने । | नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरु, नगरभित्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुले मासिक पारिश्रमिक पाउने गरी दोहोरो जिम्मेवारीमा रहेका भए एकस्थान रोज्ने अवसर दिने । |
| १७ | विवादित जग्गाको अध्ययन गर्ने । | वडा नं.९ मोरङ्गी खोला र तेली खोला किनारामा रहेको जग्गामा व्यक्तिको उपभोग र खेलमैदानको रुपमा विवादित रहेको जग्गाको अवस्था बारेमा विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्न उपप्रमुख कृष्णकुमारी निरौलाको संयोजकत्वमा वडा नं.९ अध्यक्ष नन्दप्रसाद खतिवडा र कार्यपालिका सदस्य चम्पा थापा रहेको ३ सदस्यीय कार्यदल गठन गर्ने । यो कार्यदलले विस्तृत अध्ययन गरी १५ दिनभित्र कार्यपालिकामा प्रतिवेदन पेश गर्ने । |
| १८ | पिको हाइड्रोलाइ सहयोग । | फुर्केटार स्थित पिको हाइड्रोको टर्वाइन चटयाङ्गलागी क्षतिग्रस्त भएकोमा मर्मत र ढुवानी समेत गरी रु.९४ हजार बराबरको खर्च भएकोले सो को भुक्तानी दिने । |
| १९ | शोक समवेदना सहित क्रिया खर्च उपलव्ध गराउने । | नगर कार्यपालिका सदस्य श्री पुरणमाया राइको एकाघरका श्रीमान राजेन्द्र राइको असामयिक निधन भएको प्रति नगर कार्यपालिकाको आजको बैठकले शोक प्रस्ताव पारीत गर्दछ । कार्यपालिका सदस्य पुरणमाया राइलाइ क्रियाखर्च वापत रु.५००००/- उपलव्ध गराउने । |
| २० | नगर गीत र लोगोको मूल्याङ्कन । | नगर गीत र लोगो निर्माण गर्न सार्वजनिक आव्हान गरिएकोमा सर्जकहरुबाट प्राप्त भएका गीत र लोगोको मूल्याङ्कन गरी छनौटका लागी विज्ञहरु ............... रहेको टोली गठन गर्ने । |
| २१ | इलाका प्रशासन कार्यालय स्थापनामा नगरपालिकाको कार्य सम्बन्धी । | बेलवारी नगरपालिका क्षेत्रभित्र इलाका प्रशासन कार्यालय स्थापना भएमा इलाका प्रशासन कार्यालयबाट प्रवाह हुने सेवामा यस नगरपालिकाका वडा नं.८ र ९ को इलाका प्रशासन कार्यालय मङ्गलबारे पायक पर्ने र बाँकी वडाहरुको लागी बेलवारी पायक पर्ने व्यहोरा जानकारी गराउने । |
| २२ | अपाङ्गता परिचयपत्र समन्वय समिति र | अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि |

| | | |
|---|---|---|
| | अनुगमन समिति गठन । | २०७५ को दफा ६ अनुसार परिचयपत्र समन्वय समितिमा देहायका सदस्यहरु मनोनयन गर्ने:<br>नगरपालिकाका सदस्य मध्येबाट महिला सदस्य १ मा<br>श्री मुना वि.क. वडा नं.४ (कृष्णा माया वि.क)<br>नगरभित्रका मा.वि.प्रधानाध्यापक मध्येबाट नगर प्रमुखले तोकेका व्यक्ति १ स्वास्थ्य चौकी/अस्पताल चिकित्सक १ अपाङ्गता संरक्षणको क्षेत्रमा काम गर्ने संघ/संस्थाहरु मध्येबाट १ मा<br>श्री राजेन्द्र खतिवडा लक्ष्मी मा.वि.फडानी<br>श्री डा.कमलकान्त गोइत<br>श्री टंक वि.क. वडा नं.५<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगर उपप्रमुखको संयोजकत्वमा गठन हुने योजना तथा कार्यक्रम अनुगमन समितिमा निम्न बमोजिम सदस्य रहने-<br>प्रमुख प्रशासकीय अधिकृत<br>कार्यपालिका सदस्य अमिता राइ<br>वडा अध्यक्ष श्री विष्णुकुमार मगर<br>सम्बन्धित वडाको वडाध्यक्ष<br>इञ्जिनियर श्री भानु राइ<br>योजना अधिकृत सदस्य सचिव |
| २३ | स्वास्थ्य वीमा संयोजन समिति गठन | लेटाङ अस्पताल स्वास्थ्य वीमा संयोजन समितिको कार्यविधि २०७९ को दफा ३ अनुसारको समिति गठन गर्ने र सो मा नगरप्रमुखले मनोनयन गर्ने व्यक्तिहरु देहाय बमोजिम रहने:<br>डा. सुमन तामाङ<br>श्री सीताराम लुइटेल<br>म.स्वा.से.श्री हिमा पौडेल वडा नं.२ |
| २४ | छात्रवृत्तीका लागि छनौट । | वडा कार्यालयहरुबाट विपन्न परिवारलाइ छात्रवृत्ती उपलब्ध गराइदिन सिफारिस भै आएका अनुसूचीमा संलग्न व्यक्तिलाई उल्लिखित बमोजिमको रकम छात्रवृति शीर्षकबाट छात्रवृति उपलब्ध गराउने । |

निर्णय नं.१० संग सम्बन्धित

आ.व. २०७९/८० राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि कार्यक्रमगत रुपमा (विद्यालय भौतिक पुर्वाधार विकास कार्यक्रम २ कोठे भवन, ४ कोठे भवन, ICT ल्याब तथा विद्यालयमा DIGITAl LIBRARY व्यवस्थापन, नयाँ प्रविधिक धार विद्यालय स्थापना) निम्न प्राथमिकता क्रमका आधारमा सिफारिस गर्ने।

विद्यालय भौतिक पुर्वाधार विकास कार्यक्रम २ कोठे भवन

| सिफारिस प्राथमिकता क्रम | IEMIS CODE | विद्यालयको नाम | वडा नं. | विद्यार्थी संख्या | संञ्चालित कक्षा |
|---|---|---|---|---|---|
| १ | 050650004 | ज्योती आ.वि., सिमाना | ७ | ८१ | ८ |
| २ | 050290013 | बैजनाथ अधिकारी सस्कृत विद्यापिठ, जाँते | ९ | १७ | ४ |

विद्यालय भौतिक पुर्वाधार विकास कार्यक्रम ४ कोठे भवन

| सिफारिस प्राथमिकता क्रम | IEMIS CODE | विद्यालयको नाम | वडा नं. | विद्यार्थी संख्या | संञ्चालित कक्षा |
|---|---|---|---|---|---|
| १ | 050290007 | श्री मा.वि., जाँते | ९ | ४०१ | १२ |
| २ | 050650006 | महेन्द्र मा.वि., वाराङ्गी | ७ | २४० | १० |
| ३ | 050380003 | हिमचुलि प्रा.वि., धोवी | २ | १०९ | ५ |

ICT ल्याब तथा विद्यालयमा DIGITAl LIBRARY व्यवस्थापन

| सिफारिस प्राथमिकता क्रम | IEMIS CODE | विद्यालयको नाम | वडा नं. | विद्यार्थी संख्या | संञ्चालित कक्षा |
|---|---|---|---|---|---|
| १ | 050380014 | पब्लिक प्रा.वि., लेटाङ-६ | ६ | ११४ | ५ |
| २ | 050380017 | शिक्षा विकास मा.वि., खेरुवा | ५ | ६५१ | १२ |
| ३ | 050650004 | ज्योती आ.वि., सिमाना | ७ | ८१ | ८ |

नयाँ प्रविधिक धार विद्यालय स्थापना (कक्षा ९ मा प्रविधिक धार सिभिल इन्जिनियरिङ)

| सिफारिस प्राथमिकता क्रम | IEMIS CODE | विद्यालयको नाम | वडा नं. | विद्यार्थी संख्या | संञ्चालित कक्षा |
|---|---|---|---|---|---|
| १ | 050380017 | शिक्षा विकास मा.वि., खेरुवा | ५ | ६५१ | १२ |

निर्णय नं.१२ संग सम्बन्धित

कार्यदलको कार्य विवरण:

१. स्थानीय पाठ्यक्रममा समावेस भएका विषयवस्तुलाई शिक्षण गर्न आवश्यक ऐतिहासिक, प्राकृतिक,सांस्कृतिक, भाषिक, प्रशासनिक, आर्थिक एवम् सामाजिक क्षेत्रको पठन सामग्रीहरू सकेसम्म तथ्यमा आधारित यथार्थ तथ्याङ्क र विवरण सहित विकास गर्न लेख रचनाहरू संकलन गर्न, स्थलगत अध्ययन, सामग्री सङ्कलन र लेखन गर्ने। स्थानीय वा सम्बन्धित क्षेत्र र विषयका विज्ञहरू, राजनितीज्ञहरू, समाजसेवीहरू, विद्यालयहरू, सामुदायिक संस्थाहरु,वित्तीय सस्थाहरू, शिक्षक तथा कर्मचारी र अन्य सरोकारवालाको संलग्नता र सहयोगमा संकलन, परिमार्जन र विकास गरी ड्राफ्ट कार्यपालिकामा पेश गर्ने।

२. आगामी शैक्षिक सत्र २०८० देखि लागु गर्ने मातृभाषा अन्तर्गत लिम्बू भाषाको पाठ्यक्रम (कक्षा १-३ र ४-५) तयार गर्न आवश्यकता पहिचान, भाषिक पक्षको विश्लेषण गरी विज्ञहरूसमेतको राय परामर्श र सुझाव संकलन गरी कक्षा सञ्चालन गर्ने लेटाङ नगरपालिकाको वडा र विद्यालयको सिफारिस सहित ड्राफ्ट कार्यपालिकामा पेश गर्ने। यसका लागि (Focus group discussion), यस सम्बन्धी विभिन्न विद्यालयमा प्रयोग भएका पुराना पाठ्यक्रम र सामग्रीको अध्ययन, असल अभ्यासको अध्ययन, सर्भेक्षण, सरोकारवाला एवम् भाषा र पाठ्यक्रमविज्ञहरूको कार्यशालाहरू सञ्चालन गर्ने।

निर्णय नं. २४ संग सम्बन्धित

| | आवेदकको नाम थर | ठेगाना | बावुको नाम | कक्षा | रकम |
|---|---|---|---|---|---|
| १ | अभियान राई | लेटाङ-९ | तिर्थबहादुर राई | 10+२ | १0000 |
| २ | पुष्पा बुर्जामगर | लेटाङ-३ | डम्वरबहादुर मगर (हजुरवुवा) | 10+२ | १0000 |
| ३ | अर्पण परियार | लेटाङ-९ | निरबहादुर दर्जी | 10+२ | १0000 |
| ४ | रिमा कुरुम्वाङ | लेटाङ-9 | महेन्द्र कुरुम्वाङ | स्नातक | १५000 |
| ५ | शुष्मा दर्नाल | लेटाङ-३ | गंगाराम दर्जी | एम.वि.वि.एस. चिकित्सा सास्त्र | ६0000 |
| ६ | रीया राई | लेटाङ-३ | राजकुमार राई | स्नातक | १५000 |
| ७ | अस्मिता भण्डारी | लेटाङ-२ | छवि प्रसाद भण्डारी | स्नातक | १५000 |
| ८ | असोकबहादुर महर्जन | लेटाङ-२ | कृष्णबहादुर महर्जन | 10+२ (सिभिल इन्जिनियरिङ) | १५000 |
| | | | जम्मा | | १५0000 |